नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयका अनुसार ज्येष्ठ २१ र २२ गते २४१ स्थलहरूको अनुगमन भएको छ । अक्सिजन र स्वास्थ्यकर्मीहरूको निगरानी सहितको आईसोलेसन सेन्टरहरू बृद्धि गरी १,७४८ पुगेको जनाइएको छ । यही बीचमा ५,८१८ जना नेपाली नेपाल प्रवेश गरेका छन् । अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ३७६ वटा स्थानमा अनुगमन गरिएका छन् । यसै बीचमा निशेधाज्ञा उल्लंघन गर्ने ५,३४२ सवारी साधनलाई कारवाही गरिएको विवरण प्राप्त भएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि देहाय अनुसारका ४५,९४,५६१ थान मेडिकल उपकरणहरु र अक्सिजन १२,२९७ एम. टी. क्यू. तथा औषधिहरु पैठारी भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलवाट विभिन्न वायुसेवाले २१ आन्तरिक उडान भरी जम्मा ८६ संख्या यात्रुको उद्धार गरिएकोमा मेडिकल उद्धारको उडान संख्या ११ रहेको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार बेल्जियम सरकारको सहयोगमा १,०००,००० सर्जिकल मास्क र २,००० नासल क्याथेटर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई हस्तान्तरण भएको छ। गैरआवासीय नेपाली संघ क्यानाडाबाट खरीद गरी पठाइएको ७५ थान अक्सिजन कन्सन्ट्रेटर काठमाडौं आइपुगेको छ। गैरआवासीय नेपाली संघ बेलायतबाट खरीद गरी पठाइएको १५० थान अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण भएको छ । चीनको स्वायत्त क्षेत्र तिब्वतको एक गैर सरकारी संस्था गुड विल फाउन्डेसनले कोभिड-१९ महामारी विरुद्ध लड्न नेपाल सरकारलाई प्रदान गर्ने ५० थान अक्सिजन कन्सेन्ट्रेटर २०७८ जेष्ठ २४ गते सम्म तातोपानी नाकामा आइपुग्ने जानकारी प्राप्त भएको छ । अष्ट्रेलिया सरकारद्वारा नेपाललाई उपलब्ध गराईएको फेस मास्क, ग्लोव्स, पिपिई लगायतका मानवीय सहायता सामग्रीहरू हिजो ५ जुन २०२१ मा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा आयोजित एक समारोहबीच काठमाण्डौस्थित अष्ट्रेलियन राजदूत एच. इ. एमएस. फेलिसिटी जेन भल्कले नेपाली सेनालाई हस्तान्तरण गर्नुभएको छ। एनआरएनए अष्ट्रेलियाले उपलब्ध गराएको १५० थान अक्सिजन कन्सन्ट्रेटर र अष्ट्रेलियाको एम. आइ.टी फाउन्डेसनले उपलब्ध गराएको २०० थान अक्सिजन कन्सन्ट्रेटर हिजो ५ जुन २०२१ मा नेपाल एरलाइन्सको विमानबाट नेपाल ल्याईएको छ । सिंगापुर सरकारले उपलब्ध गराउने एन९५ मास्क, पिपिई सेट, पिसिआर किट, पिसिआर मेसिन र थर्मोमिटर लगायतका मेडिकल सहायता सिंगापुरको टेमसेक फाउण्डेसनले व्यवस्था गरेको नेपाल एयरलाईन्सको जाहाजले यही ९ जुन २०२१ मा नेपाल ल्याउने सम्बन्धमा सिंगापुरको परराष्ट्र मन्त्रालयबाट जानकारी प्राप्त भएको छ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.: -

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,६५६ सिलिण्डर र उपत्यका बाहिर ८,१३४ गरी कुल १३,७९० सिलिण्डर अक्सिजनको उत्पादन भईरहेको छ। आ.व. २०७८/७९ को बजेट वक्तव्यमा निषेधाज्ञाको अवधिभर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट बिक्री हुने खाद्य वस्तु (चामल, पिठो, दाल, नुन, खाने तेल, चिनी र खान पकाउने ग्याँस) को बिक्री मूल्यमा २० प्रतिशत छुट दिने व्यवस्था भएको सर्वसाधरणको जानकारीको लागि कम्पनी/कर्पोरेशनका वेवसाइट www.nepalfood.gov.np र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको वेवसाइट www.stcnepal.com मा राखिएको छ । यस वीचमा दुई पटक बजार अनुगमन गरी ३०,०००।- जरिवाना गरिएको जनाइएको छ ।

मिति : २०७८ जेठ २३

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np